# १७८ औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०८२/०३/०२ गते

**निर्णय नं. १:** १७७ औ कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २:** २० औं नगर सभा बैठक देहायको मिति समय र स्थानमा संचालन गर्ने निर्णय गरियो ।

**मितिः** २०८२/०३/१० गते मंगलबार

**समयः** विहान ८:०० बजे

**स्थानः** शुक्लाफाँटा नगरपालिकाको सभा हल ।

**निर्णय नं. ३:** आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तब्य स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** शुक्लाफाँटा नगरपालिकाको विनियोजन विधेयक, २०८२ मा स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** शुक्लाफाँटा नगरपालिकाको आर्थिक विधेयक, २०८२ मा स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** लेखा समितिबाट अनुमोदन भई प्राप्त शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बार्षिक लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरियो। उक्त प्रतिवेदन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७: शुक्लाफाँटा नगरपालिका** विद्युतिय तथा अटो रिक्सा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८० लाई संशोधन गर्न वनेको विधेयक, २०८२ स्विकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** न्यायिक समिति, लगायत अन्य विषयगत समिति तथा शाखाहरुबाट प्राप्त भएका चालु आर्थिक वर्ष २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन उपर आवश्यक छलफल गरि उक्त प्रतिवेदन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस नगरपालिकामा नीति, विधि र प्रकृया वमोजिम नियुक्त भई चालु आ. व. मा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई संगठन सर्भेक्षण प्रतिवेदन, आवश्यक्ता, औचित्यता र कार्यसम्पादनको आधारमा मिति २०८२/०४/०१ गते देखि लागु हुने गरि कामकाजमा लगाउन निर्णयार्थ नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ९:** विभिन्न सरकारी तथा गैरसरकारी विकास साझेदार संस्थाहरुले आ. व. २०८२/८३ मा यस नगरपालिका अन्तरगत संचालन गर्न पेश गरेका कार्यक्रमहरु स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.** १०: यस शुक्लाफाँटा नगरपालिका अन्तर्गतभ यम.के/निरज जे.भी महेन्द्रनगर,कंचनपुर निर्माण कम्पनि संग सम्झौता भइ निर्माण भइरहेको १० शैया पिपलाडी अस्पताल निर्माण गर्ने कार्य (ठेक्का नं : SMP/०७७-७८/NCB/BDG/१८ ) को मिति २०८२/२/१२ गतेको निवेदन उपर छलफल गर्दा सार्वजनिक खरिद (चौधौ संसोधन)नियमावली, २०८२ नियम १९ बमोजिम ठेक्का सम्पन्न गर्ने अवधिको म्याद २०८२/३/२५ गते सम्म थप गर्ने ।

**निर्णय नं.** ११: चरण राम डगौराले मिति २०८२/०१/१७ गते पेश गरेको निवेदन वमोजिम रू ३२,९४५।—(अक्षरेपी रू वत्तिस हजार नौ सय पैतालिस रुपैया) समपुरक कोषबाट निजको नाममा भुक्तानी दिने ।

**निर्णय नं.** १२: यस शुक्लाफाँटा नगर कार्यपालिकाको कार्यालय, मातहतका विभिन्न वडा कार्यालयहरु तथा शाखाहरुको योजना तथा कार्यक्रमहरुको कार्य संचालनमा सहजता ल्याउन प्राप्त देहाय वमोजिम योजना रकमान्तर, श्रोतान्तर, संशोधन र परिवर्तन गर्नका लागि २० औं नगरसभा बैठकमा पेश गर्ने निर्णय गरियो।

| वडा नं | योजनाको नाम | स्वीकृत रकम | प्रस्तावित नाम | प्रस्तावित रकम | साविक योजनामा बाँकी रहने रकम |
|---|---|---|---|---|---|
| १ | ईन्धन निर्माण प्रयोजन न.पा. को गाडी प्रयोग गरि ग्राभेल ढुवानी/रोयल्टी | ३५००० | श्री राम आ.वि. र योग भवनमा एल.ई.डि. खरिद तथा जडान | ३५००० | ० |
| १ | अधुरो भूईयाभूईपाल निर्माण बैशाखा | ५५००० | | ५५००० | ० |
| २ | निर्माण कार्यका लागि ईन्धन | ५०००० | श्री बैजनाथ आधारभूत विद्यालय लक्ष्मीपुरलाई अनुदान | ५०००० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बैजनाथ आधारभूत विद्यालय जोड्ने पुलको तलपट्टी पर्खाल निर्माण | १००००० | ग्राभेल खरिद र बिछ्याउने कार्य | १००००० | ० |
| ३ | जनआन्दोलनका शहिद, बेपत्ता, जनयुद्धका घाईते, अपाङ्गहरु प्रोत्साहन आयमुलक ईत्यादी तथा अन्य कार्यक्रम | २४००० | विविध | २४००० | ० |
| ६ | झोलुङ्गे पुल देखि दिला खुनाको घर सम्म नयाँ बाटो निर्माण तथा होम पाईप खरिद (प्रधानमन्त्री रोजगार कार्यक्रम संग साझेदारी ) कार्यक्रम | २००००० | सडक मर्मत सम्भार | २००००० | ० |
| ९ | एकल महिला समुहलाई अनुदान | १००००० | वडाका बिभिन्न सडक स्तरोन्नत तथा मर्मत कार्यको लागि ईन्धन खरिद | १००००० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| नपा | नगर चक्रपथ वडा नं. १२ कालागौडी देखि वनसमिति सम्म (क्रमागत) | १७१३०००० | पत्रपत्रिका तथा सूचना प्रकाशन | १०००००० | १६१३०००० |